आज मिति २०७८ साल आश्विन १६ गतेका दिन शारदा नगरपालिकाका नगर प्रमुख श्री प्रकाश भण्डारीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

तपसिल

- श्री प्रकाश भण्डारी नगर प्रमुख शारदा नगरपालिका सल्यान
- श्री सुस्मिता खापकोटा नगर उप प्रमुख 〃 — 〃 — 〃
- श्री प्रदिप पाण्डेय वडाध्यक्ष वडा नं. १ 〃 — 〃 — 〃
- श्री सबिन हमाल वडाध्यक्ष वडा नं. २ 〃 — 〃 — 〃
- श्री तुलसा भण्डारी वडाध्यक्ष वडा नं. ३ 〃 — 〃 —
- श्री किशोर कुमार हमाल वडाध्यक्ष वडा नं. ४ 〃 — 〃
- श्री प्रदिप शाही वडाध्यक्ष वडा नं. ५ 〃 — 〃 —
- श्री मिलराज बुढाथोकी वडाध्यक्ष वडा नं. ६ 〃 — 〃 — 〃
- श्री तिलबहादुर रोका वडाध्यक्ष वडा नं. ७ 〃 — 〃
- श्री लक्ष्मण बुढाथोकी वडाध्यक्ष वडा नं. ८ 〃 — 〃
- श्री हेमेन्द्र कुमार बुढाथोकी वडाध्यक्ष वडा नं. ९ 〃 — 〃
- श्री कृष्ण बहादुर बोहरा वडाध्यक्ष वडा नं. १० 〃 — 〃
- श्री राजेन्द्र कुमार शर्मा वडाध्यक्ष वडा नं. ११ 〃 — 〃 —
- श्री सुरेन्द्र बुढा वडाध्यक्ष वडा नं. १२ 〃 — 〃 —
- श्री जंग बहादुर बुढा वडाध्यक्ष वडा नं. १३ 〃 — 〃
- श्री प्रकाश पुन वडाध्यक्ष वडा नं. १४ 〃 — 〃 —
- श्री लोकनाथ बुढाथोकी वडाध्यक्ष वडा नं. १५ 〃 — 〃 —
- श्री रत्नकुमारी थापा कार्यपालिका सदस्य शारदा नगरपालिका सदस्य
- श्री मन्जु जैसार 〃 — 〃 — 〃 — 〃
- श्री भगवती बोहरा 〃 — 〃 — 〃 — 〃
- श्री इन्द्रा कुमारी डाँगी 〃 — 〃 — 〃 — 〃
- श्री पुष्पा गिरी 〃 — 〃 — 〃 — 〃
- श्री गीता परियार 〃 — 〃 — 〃 — 〃
- श्री प्राण कुमार राई 〃 — 〃 — 〃 — 〃
- श्री दिपक कुमार विश्वकर्मा 〃 — 〃 — 〃 — 〃
- श्री ओम प्रकाश देवकोटा सदस्य सचिव 〃 — 〃

प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक संख्या नं. ३६**　　**स्थान: नगरपालिका भवन**　　**मिति २०८१/०६/१५ गते**

**प्रस्तावहरु:**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून निर्माण तथा स्वीकृति सम्बन्धमा।
३. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना तथा कार्यक्रम स्वीकृत सम्बन्धमा।
४. बसपार्कको बाँकी संरचनाको बोलपत्र आव्हान सम्बन्धमा।
५. विशेष अनुदान तर्फको कार्यक्रम बाँडफाड सम्बन्धमा।
६. फोहरमैला व्यवस्थापनका लागि संस्था छनौट सम्बन्धमा।
७. खानेपानी वोर्ड गठन सम्बन्ध।
८. निकासी कर उठाउने सम्झौता अनुमोदन सम्बन्धमा।
९. कर छुट सम्बन्धमा।
१०. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
११. बजार अनुगमन समितिको निर्णय अनुमोदन सम्बन्धमा।
१२. विपद व्यवस्थापन सामाग्री माग गर्ने सम्बन्धमा।
१३. हेटौडा उपमहानगरपालिकालाई धन्यवाद दिने सम्बन्धमा।
१४. समवेदना सम्बन्धमा।
१५. विविध।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको ३४ औं बैठकबाट राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाइएका तपसीलमा उल्लेखित कानूनहरु प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

(१) सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका, २०८१

(२) उपप्रमुख कोशेली कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

(३) कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८१

(४) आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०८१

(५) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

(६) विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०८१

(७) व्यक्तिगत सरसफाई तथा हात स्वच्छता सम्बन्धी कार्यविधि, २०८१

(८) खल्ला दिसामुक्त अवस्थाको दिगोपना सम्बन्धी कार्यविधि, २०८१

तपसीलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधेयक समितिमा छलफलका लागि पठाउने निर्णय गरियो ।

(१) त्रिभुवन जन माध्यमिक विद्यालय सञ्चालन एवं व्यवस्थापन विनियमावली, २०८१

**निर्णय नं. ३**

आ.व.२०८०।०८१ का लागि नेपाल सरकारद्वारा **प्रधानमन्त्री रोजगार कार्यक्रम** तथा **युवा रोजगारीका रुपान्तरण पहल आयोजना (युवारुप)** का लागि विनियोजित बजेट

रोजगारी सृजना **(प्रधानमन्त्री रोजगार कार्यक्रम)** रकम रु.**२९,८०,०००**

रोजगारी दिन सकिने **(६६८ ज्यालादरले १०० दिन बराबर)** संख्याः **४४ जना**

रोजगारी सृजना **(युवारुप)** रकम रु.२६,७२,०००

रोजगारी दिन सकिने **(६६८ ज्यालादरले १०० दिन बराबर)** संख्याः **४० जना**

प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवारुप कार्यक्रमका लागि १५ वटै वडा कार्यालयबाट छनौट भई आएका आयोजना/कार्यक्रमहरुः

**प्रधानमन्त्री रोजगार कार्यक्रमः**

| क्र.सं. | आयोजना/कार्यक्रमहरु | विनियोजित बजेट | वडा नं. | वडागत रुपमा छनोट भएका वेरोजगार व्यक्तिको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाँसखोलादेखि खलंगा जाने बाटो निर्माण, मर्मत तथा स्तरउन्नती | ४४१६०० | १ | ६ | |

कार्यपालिका बैठक २०८१ असोज १५ गते

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २ | खैराबाङ्ग मन्दिर परिसरमा सिँढी निर्माण र वडा नं. ११ भित्र बाटो निर्माण तथा स्तरउन्नती | ४००८०० | ११ | ६ | |
| ३ | माथिल्लो मार्के पँधेरा डाँडा लाखुरीबोटदेखि भण्डारी टोल हुँदै काफलटुपासम्म गोरेटोबाटो निर्माण | ३३४००० | ८ | ५ | |
| ४ | वाटर सेड (क्याचमेन्ट एरिया) बमोजिम वाटर रिचार्ज पोखरी निर्माण (क्रमागत) | ३३४००० | ५ | ५ | |
| ५ | मधाना टाकुरादेखि सिद्धपार्कसम्म सडक बाटो निर्माण | ३३४००० | १० | ५ | |
| ६ | तल्लो बिष्टटोल हुँदै घुगुती डाँडासम्म स्तरउन्नती कार्य | ३३४००० | ३ | ५ | |
| ७ | बरला बजारमा ढल नाला व्यवस्थापन तथा वडा नं. ६ भित्र आवश्यकता अनुसार नाला सडक मर्मत सम्भार तथा स्तरउन्नती | ३३४००० | ६ | ५ | |
| ८ | वडा नं. ४ भित्र आवश्यकता अनुसार नाला, बाटो, रिचार्ज पोखरी निर्माण | २६७२०० | ४ | ४ | |
| ९ | वडा नं. २ भित्र सडक तथा गोरेटो बाटो मर्मत कार्य | २००४०० | २ | ३ | |
| **जम्मा** | | **२९,८०,०००** | | **४४** | |

**युवारुप कार्यक्रम**

| क्र.सं. | आयोजना/कार्यक्रमहरु | नेपाल सरकार (IDA) बाट विनियोजित बजेट | वडा नं. | वडागत रुपमा छनोट भएका वेरोजगार व्यक्तिको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | रामेखोला कालिका हुँदै ओख्रेनी सडक मर्मत सम्भार तथा नाला मर्मत | ६,०१,२०० | ७ | ९ | |
| २ | स्यालेघारी स्यालपानी हुँदै छाप, बुचे, जगेराचौर मोटरबाटो मर्मत | ४,६७,६०० | १५ | ७ | |
| ३ | चिसापानी अम्रैटाकुरा मूलाखोला सडक स्तरउन्नती/डाँग्री कैंचीमोड सडक स्तरउन्नती | ४,००,८०० | १२ | ६ | |
| ४ | भूवनेश्वरी मा.वि. मा तारजाली, ग्याविन वाल तथा झाँक्री सल्लादेखि ठूलाखानीसम्म गोरेटो बाटो निर्माण | ४,००,८०० | ९ | ६ | |
| ५ | तुसारेदेखि चउरापाखा र गोगनपानी धाउने ओरालसम्म गोरेटा बाटाहरु स्तरउन्नती | ४,००,८०० | १४ | ६ | |

कार्यपालिका बैठक २०८१ असोज १५ गते

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | तल्लो सल्यानचौर र माथिल्लो सल्यानचौर जोड्ने बाटो निर्माण र धजा लगाउनेदेखि पुत्याखोला जोड्ने बाटो निर्माण तथा स्तरोन्नती | ४,००,८०० | १३ | ६ | |
| | **जम्मा** | **२६,७२,०००** | | **४०** | |

**निर्णय नं. ४**

नेपाल सरकार तथा कर्णाली प्रदेश सरकार र यस शारदा नगरपालिकाको संयुक्त लगानीमा यस आर्थिक वर्ष २०८१/८२ मा शारदा नगरपालिका-१, श्रीनगरमा निमार्ण हुने बसपार्कको ठेक्का आव्हान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने तथा सो बसपार्कको राप्ती राजमार्ग तर्फको आ व २०८०/८१ मा निर्मित भवनको माथिल्लो तला थपका लागि प्राविधिक शाखाबाट तयार भएको लागत अनुमानमा कुल रकम रु १,३५,३६,७३०।९९ (अक्षेरुपी एक करोड पैतिस लाख छत्तिस हजार सात सय तिस पैसा उनानसय मात्र) मा श्रोत सुनिश्चत भएको रु ८८,००,०००/-(अक्षेरुपी अठासी लाख मात्र) र नपुग भएको रकम रु ४७,३६,७३०।९९ (अक्षेरुपी सैतालिस लाख छत्तिस हजार सात सय तिस पैसा उनानसय मात्र) कार्यपालिकाबाट श्रोत सुनिश्चित गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

नेपाल सरकारबाट यस शारदा नगरपालिकालाई आर्थिक वर्ष २०८१/८२ का लागि विशेष अनुदान तर्फ प्राप्त अनुदानलाई तपसील अनुसार बाँडफाड गर्ने निर्णय गरियो।

| सि. न. | क्रियाकलापहरु | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | ट्रिपर खरिद | ६५ लाख | |
| २ | डम्पिङ्ग साइटमा अलग अलग खण्ड निर्माण | २० लाख | |
| ३ | फोहरमैला व्यवस्थापन तथा सरसफाई खर्च | २० लाख | |
| ४ | डम्पिङ्ग साइट जाने बाटोमा पर्खाल निर्माण | १० लाख | |
| ५ | अभिमुखीकरण/प्रचार प्रसार र जनचेतनामूलक कार्यक्रम | ५ लाख | |
| ६ | हरित शहर निर्माण | १० लाख | |
| ७ | सुरक्षा सामाग्री खरिद | ५ लाख | |
| ८ | संक्षिप्त वातावरणीय मूल्यांकन प्रतिवेदन तयार | ९ लाख | |
| ९ | प्लाष्टिक झोला प्रतिस्थापनका लागि कपडाको झोला वितरण कार्यक्रम | ३ लाख | |
| १० | फोहर फाल्न सक्ने अवैधानिक क्षेत्र तथा डम्पिङ्ग क्षेत्रमा CC Camera जडान | ३ लाख | |

**निर्णय नं. ६**

शारदा नगरपालिका आ. व. २०८१/८२ को विशेष अनुदान तर्फको वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिकाको फोहरमैला व्यवस्थापन गर्न गत आर्थिक वर्षमा काम गरेको ग्रामीण विकास एक्सप्रेस नेपाल शारदा नगरपालिका-१, सल्यानलाई शारदा नगरपालिका फोहरमैला व्यवस्थापन कार्यविधि, २०८१ को दफा



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१५ (१) अनुसार त्यस संस्थाले पेश गरेको प्रस्ताव बमोजिम रु. १९,९०,०००/- (अक्षेरुपी उन्नाइस लाख नब्बे हजार मात्र) मा संझौता गरी फोहरमैला संकलन कार्य मिति २०८१ श्रावण १ गते देखि लागू हुने गरी अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नगरपालिका भित्र रहेका सम्पूर्ण खानेपानी तथा सरसफाई समितिहरुलाई एकीकृत गरी सेवाप्रवाहलाई जनमुखी, भरपर्दो, विश्वाशिलो, दीगो र नियमित बनाउन नगरपालिकास्तरीय खानेपानी वोर्ड गठन गर्नका लागि यस्तै प्रकारका वोर्ड गठन भएका अन्य स्थानीय तहहरुको अध्ययन भ्रमण गरी प्रतिवेदन पेश गर्न ई. श्री खगेन्द्र मल्ल तथा खा पा स टे श्री केलाश चनारालाई पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

शारदा नगरपालिका सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १३८ बमोजिम आव्हान गरिएको निकासी कर सम्बन्धी श्री टेर विल्डर्स भिमदत्त नगरपालिका-४, कञ्चनपुरसंग सोही नियमको उपनियम १ बमोजिम ३ वर्षका लागि भएको आय ठेक्काको मिति २०८१ असोज ८ गतेको संझौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

शारदा नगरपालिका वार्ड नं ३ मा रहेको ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र शाखा सल्यानको कर छुट सम्बन्धमा मिति २०८१/०६/०८ मा प्राप्त पत्रानुसार त्यस संस्थाको नाममा दर्ता रहेको जग्गामा निर्मिति घरमा लाग्ने करमा छुट दिने तथा जग्गाको मालपोत कर सिष्टमले नै छुट दिन नमिल्ने भनी जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**

शारदा नगरपालिका नगर शिक्षा समितिको मिति २०८१ असोज १० गते बसेको बैठकको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

शारदा नगरपालिका बजार अनुगमन समितिको मिति २०८१ असोज १३ गते बसेको बैठकको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस नगरपालिकासंग कार्यगत साझेदारी गरी काम गरिरहेको पास नेपाल सल्यानलाई तपसीलको विपद् सामाग्री उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

१. फायर एस्टिङ्ग्युसर

**निर्णय नं. १३**

हैटौडा उपमहानगरपालिकाबाट यस शारदा नगरपालिकालाई उपहार स्वरूप ६ फिट उचाई भएको बुद्धको मूर्तिका लागि हार्दिक आभार सहित धन्यवाद दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

**निर्णय नं. १४**

यस वर्षको असोज महिनाको दोस्रो हप्तामा देशव्यापी रुपमा आएको अविरल वर्षाका कारण ज्यान गुमाउनेहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुका साथै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) यस शारदा नगरपालिका मातहत रहेका सार्वजनिक शौचालयलाई सरसफाई गरी दिगोपना कायम गर्न कर्मचारी आवश्यक रहेकोले खलंगा बसपार्कमा २ जना र दुलधारा पोखरामा १ जना सरसफाई कर्ता ज्यालादारीमा राख्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

(ख) यस नगरपालिकासंग रहेको Back Hoe Loader लाई नियमित रुपमा सञ्चालन तथा व्यवस्थित गर्न एक जना सहयोगी कर्मचारी ज्यालादारीमा राख्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

(ग) विजया दशमीको पावन अवसरमा शारदा नगरपालिका-१, श्रीनगर कृष्ण मन्दिर नजिक हुने नवरात्री चंडी पाठ आयोजना गर्ने जय महांकाल यूवा समूह सल्यानलाई बजेट खर्च शीर्षक नं २२५२२ सि नं ५५ भाषा कला संस्कृति जगेर्ना आन्तरिक श्रोतबाट रु १५,०००/- (अक्षेरुपी पन्ध्र हजार मात्र) आर्थिक सहयोग गर्ने।

(घ) विजया दशमीको पावन अवसरमा शारदा नगरपालिका-२, खलंगा बसपार्कमा विभिन्न कार्यक्रम आयोजना गर्ने नवरात्र आयोजक समिति सल्यानलाई बजेट खर्च शीर्षक नं २२५२२ सि नं ५५ भाषा कला संस्कृति जगेर्ना आन्तरिक श्रोतबाट रु १०,०००/- (अक्षेरुपी दश हजार मात्र) आर्थिक सहयोग गर्ने।

(ङ) विजया दशमीको पावन अवसरमा हरेक वर्ष झैं प्रचलित रूपमा दिदै आएको दशैं वली यस वर्ष पनि जिल्लाका सुरक्षा निकायहरु जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र कारागारका कैदीहरूका लागि बजेट खर्च शीर्षक नं २२५२२ सि नं ५५ भाषा कला संस्कृति जगेर्ना आन्तरिक श्रोत रु. १,००,०००/- (अक्षेरुपी एक लाख मात्र) मा बढ्ने गरी १/१ वटा खसी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।



CamScanner